# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६२५/२०७२/०७३

निर्णय नं. २८

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकाल ..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, काठमाण्डौं भक्तपुर सडक बिस्तार आयोजना, थापाथली, काठमाण्डौं ..........१ विपक्षी
सूचना अधिकारी, काठमाण्डौं भक्तपुर सडक बिस्तार आयोजना थापाथली काठमाण्डौं ..........१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकालले काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।१९ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्वन्धमा यस आयोगबाट मिति २०७३।०२।२३ मा सूचना दिनू भन्ने आदेश भएको । सो आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. १४१५ मिति २०७३।०२।३० को पत्र काठमाण्डौं भक्तपुर सडक बिस्तार आयोजना थापाथली काठमाण्डौंलाई लेखी गएको । तत् पश्चात पुनरावेदकले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७३।०४।१० मा पुन: उजुरी गरेको । उक्त उजुरीको सम्बन्धमा यस आयोगको च. नं. १३३ मिति २०७३।०४।२६ मा विपक्षी कार्यालयलाई ताकेता पत्र प्रेषित गरेको । तत् पश्चात काठमाण्डौं भक्तपुर सडक बिस्तार आयोजना थापाथली काठमाण्डौंको च. नं. ३९ मिति २०७३।०५।०५ को पत्र मार्फत पुनरावेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराईएको भनी लेखी आएकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।